**आकाशवाणी समाचार- नेपाली**

मितिः २९ मई २०२६

समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

- **पश्चिम बंगाल सरकारले अन्नपूर्ण योजनाका लागि ११ पृष्ठको विस्तृत आवेदन फारम जारी गरेको छ।**
- **पश्चिम बंगाल सरकारले बङ्गाललाई अवैध घुसपैठबाट मुक्त गर्न सबै प्रयास गरिरहेको छ।**
- **कोलकाता महानगरको टेंगरा इलाकामा रहेको तृणमूल कांग्रेसको कार्यालयबाट ठूलो संख्यामा आधार कार्ड जफत भएको छ ।**
- **आज २९ मई अर्थात् विश्वकै सर्वोच्च शिखर सगरमाथामा पहिलो पटक मानव पाइला टेकिएको ऐतिहासिक दिन साथै सोही कीर्तिमान रच्ने भारतका गौरव, प्रसिद्ध पर्वतारोही तेन्जिङ नोर्गे शेर्पाको जन्मजयन्ती हो ।**
- **दार्जीलिंगकी निशा गुरुङ एशियन हक्की फेडेरेशन द्वारा प्रतिष्ठित महिला अन्डर 18 एशिया कप 2026 का लागि आधिकारिक जज नियुक्त भएको छ ।**

**पश्चिम बंगाल सरकार -अन्नपूर्णा योजना**

पश्चिम बंगाल सरकारले अन्नपूर्ण योजनाका लागि ११ पृष्ठको विस्तृत आवेदन फारम जारी गरेको छ। यस योजना अन्तर्गत पात्र महिलाहरूलाई प्रत्येक महिना तीन हजार रूपियाँ आर्थिक सहायता प्रदान गरिनेछ। मुख्यमन्त्री सुवेन्दु अधिकारीले हिज नवन्नामा आयोजित पत्रकार सम्मेलनमा फारम जारी गर्दै भन्नुभयो – आउदो १ जुन देखि सुरु हुने आवेदन प्रक्रिया तीन महिनासम्म चल्नेछ । सरकारले जारी गरेको फारममा निवेदक र उनको सम्पूर्ण परिवारसँग सम्बन्धित विस्तृत विवरण माग गरिएको छ । परिवारका मुखियाको नाम, जन्ममिति, ठेगाना, आधार नम्बर र मोबाइल नम्बर अनिवार्य गर्नुपर्नेछ । यसबाहेक परिवारका सबै सदस्यको नाम, सम्बन्ध, आधार विवरण र अन्य व्यक्तिगत जानकारी पनि भर्नुपर्ने हुन्छ ।फारममा परिवारका प्रत्येक वयस्क सदस्यको बैंक खाताको जानकारी पनि उपलब्ध गराउनुपर्नेछ । सरकारले बैंक खातासँग आधार लिंक हुन् जरुरी रहेको स्पष्ट पारेको छ । यसका साथै वोटर कार्ड नम्बर, विधानसभा क्षेत्र र सबै सदस्यको पार्ट नम्बरको बारेमा पनि जानकारी मागिएको छ । यदि परिवारसँग डिजिटल राशन कार्ड छ भने त्यसको सम्पूर्ण जानकारी पनि फारममा रेकर्ड गर्नुपर्नेछ । अन्नपूर्ण योजनाको आवेदनमा पनि सम्पत्तिसँग सम्बन्धित जानकारी अनिवार्य गरिएको छ । आवेदकले आफ्नो परिवारको पक्की घर छ कि छैन, कति जमिन छ भन्ने जानकारी दिनुपर्नेछ र जमिनको म्युटेशन र नामंकन को दस्तावेज पनि बुझाउनु पर्नेछ । परिवारको कुनै सदस्यको नाममा चार चक्के वाहन छ भन्ने जानकारी पनि दिनुपर्नेछ ।

**पश्चिम बंगाल सरकार - घुसपैठ**

**पश्चिम बंगाल सरकारले बङ्गाललाई अवैध घुसपैठबाट मुक्त गर्न सबै प्रयास गरिरहेको छ। मुख्यमन्त्री शुभेन्दु अधिकारीले कार्यभार सम्हाल्नेबित्तिकै उहाले घुसपैठलाई नियन्त्रण गर्न डिटेक्ट, रिमुभ, डिपोर्ट नीति लागू गर्नुभएको छ । यस योजना अन्तर्गत घुसपैठहरुलाई हिरासतमा लिएर सबै कानुनी औपचारिकता पूरा गरेर बंगलादेश पठाउने गरिएको छ । कानुनी औपचारिकता पूरा नभएसम्म घुसपैठकर्तालाई हिरासत केन्द्रमा राखिन्छ । उत्तर २४ परगनाको स्वरूपनगरमा आज लगभग ५० बंगलादेशी घुसपैठकर्ताहरूले हाकिमपुर चेक पोस्टमा आफ्नो घर फर्कने इच्छा व्यक्त गरेका छन्। यस क्षेत्रमा अवस्थित तीन डिटेन्सन सेन्टरमा लगभग ३५० जना अहिले निर्वासनको पर्खाइमा छन् । यसैबीच, सिलिगुडी-मटिगरा-नक्सलबाड़ी क्षेत्रमा अर्को डिटेन्सन सेन्टर निर्माण गरिएको छ। सीमा क्षेत्रमा सुरक्षा व्यवस्था कठोर पारिएको छ भने घुसपैठहरुलाई अधिक प्रभावी ढंगमा पहिचानका लागि निगरानी बढाइएको छ ।**

**पश्चिम बंगाल सरकार - कोलकाता पुलिस**

**पश्चिम बंगाल सरकारले कोलकाता पुलिसलाई आधुनिकीकरण गर्ने दिशामा ठूलो कदम चालेको छ । कोलकाता पुलिसलाई दिल्ली पुलिस र केन्द्रीय बलको स्तरमा विकास गर्ने आफ्नो योजनाको एक भागको रूपमा लालबजारले नयाँ समिति गठन गरेको छ। समितिको नेतृत्व कोलकाता पुलिसका संयुक्त आयुक्त (संगठन) आईपीएस नीलान्जन विश्वासले गर्नुभएको छ । पाँच सदस्यीय समितिले पुलिस सँग भएका सामग्रीको विस्तृत समीक्षा गरी १५ दिनभित्र प्रतिवेदन लालबजारमा पेश गर्नेछ ।उक्त समितिले हेल्मेट, लाठी, शिल्ड, बाडी आर्मर, घातक हतियार, रबरको गोली, अश्रुग्यास र भीड नियन्त्रण गर्ने अन्य उपकरणहरूको वर्तमान उपलब्धता र स्थितिको कोलकाता पुलिससँग जाँच गर्नेछ। यसका साथै खानेपानी फोहोराजस्ता सामग्रीको आपूर्ति र उपलब्धताको पनि मूल्याङ्कन गरिने भएको छ ।समितिमा संयुक्त आयुक्त (संगठन) बाहेक कोलकाता सशस्त्र पुलिस (केएलपीएफ) को छैटौं बटालियनका डिप्टी कमिश्नर देवाशीष दास पनि छन्।**

**<u>महानगर कोलकाता - तृणमूल कांग्रेस कार्यालय - आधार कार्ड बरामद</u>**

**कोलकाता महानगरको टेंगरा इलाकामा रहेको तृणमूल कांग्रेसको कार्यालयबाट ठूलो संख्यामा आधार कार्ड जफत भएको छ, जसपछि स्थानीयले प्रश्न उठाएका छन्।प्राप्त जानकारी अनुसार, पूर्वी कुलिया रोडमा रहेको यो पार्टी कार्यालय विधानसभा चुनावको परिणाम घोषणा भएदेखि बन्द थियो । बिहीबार केही स्थानीयले कार्यालयको ताला तोडेर कार्यालयमा प्रवेश गरेका थिए भने उनीहरुले आधार कार्ड दराजभित्र राखेको अवस्थामा फेला परेका थिए ।यो पार्टी कार्यालय बेलियाघाटा विधानसभा क्षेत्र अन्तर्गत पर्दछ र पहिले तृणमूल नेता जीवन कुमार साहले प्रयोग गर्थे।कार्यालयभित्र आधार कार्ड प्राप्त भएको जानकारी पाएपछि ठूलो संख्यामा मानिस घटनास्थलमा भेला भएका थिए । स्थानीयले घटनाबारे पुलिसलाई जानकारी गरिएपछि घटनाबारे जाच शुरु गरिएको छ ।**

**<u>पश्चिम बंगाल सरकार - अवैध बांग्लादेशी घुसपैठियों - होल्डिंग सेंटर</u>**

**पश्चिम बंगाल सरकारले अवैध बंगलादेशी घुसपैठहरुका लागि बनाइएको अस्थायी होल्डिङ सेन्टरहरूमा खाना र उपचारको ब्यापक व्यवस्था गरेको छ। राज्य प्रशासनले सीमा सुरक्षा बललाई हस्तान्तरण गर्नुअघि यी घुसपैठहरूलाई मानवीय सुविधाहरू प्रदान गरिने बताएको छ।नवन्नाका एक वरिष्ठ अधिकारीका अनुसार, राज्य सरकारको नयाँ नीति अन्तर्गत अवैध घुसपैठहरूलाई होल्डिङ सेन्टरमा राखिएको छ। त्यसपछि उनीहरूलाई सीमा सुरक्षा बलको नजिकको सीमा चौकीमा हस्तान्तरण गरिनेछ, जहाँबाट उनीहरूलाई उनीहरूको देश फिर्ता पठाइनेछ।मुख्यमन्त्री शुभेन्दु अधिकारीले गत हप्ता अवैध बंगलादेशी घुसपैठकारीलाई अदालतमा पेश नगरिने बताउनु भएको थियो । पहिले उनीहरुलाई उचित खाना उपलब्ध गराएर सीमा सुरक्षा बललाई बुझाउन उहाले पुलिसलाई निर्देश दिनुभएको छ । बंगलादेशी घुसपैठ फिर्ता ल्याउन हाकिमपुर सीमा क्षेत्रमा अस्थायी होल्डिङ सेन्टर स्थापना गरिएको छ । मंगलबार रातिदेखि ठूलो संख्यामा घुसपैठिहरु आइपुगेको समाचार प्राप्त भएको छ । प्रशासनले त्यहाँ खाना र प्राथमिक उपचारको व्यवस्था गरेको छ ।**

**<u>पश्चिम बंगाल - सत्ता परिवर्तन कारवाही</u>**

पश्चिम बंगालमा सत्ता परिवर्तनपछि पूर्व सत्तारुढ दल तृणमूलका नेता, मन्त्री, पार्षद र निकट अधिकारीहरूमाथि लगातार कार्वाही भइरहेको छ । ९ मई मा शपथ लिनुभएको शुभेन्दु अधिकारी नेतृत्वधिन भाजपा सरकारको १९ दिनमा लगभग त्रिनामुल कांग्रेसका दुई दर्जन नेताहरू पक्राउ परेका छन्। भ्रष्टाचार, चन्दा असुली, आर्थिक अनियमितता, चुनाउ पछि हिंसा र अवैध चन्दा असुलीका मुद्दामा राज्यका विभिन्न जिल्लाहरुमा पक्राउ भइरहेका छन् । पुलिस र प्रवर्तन निर्देशनालयको कारबाहीका कारण कैयौँ प्रभावशाली नेताहरु जेल जानुपरेको छ ।सर्वाधिक चर्चित पक्राउ पूर्व दमकल मन्त्री सुजित बोसको पक्राउलाई मानिएको छ । उनलाई नगरपालिका भर्ती भ्रष्टाचारको मामिलामा दक्षिण दमदम नगरपालिकामा अवैध नियुक्तिको सिफारिस गरेको आरोपमा ईडीले ११ मई मा पक्राउ गरेको थियो। विधानसभा चुनावअघि पनि उनलाई कैयौँ पटक सोधपुछका लागि बोलाइएको थियो ।

**<u>जीटीए भ्रष्टाचार -गोर्खा जनमुक्ति मोर्चा</u>**

दार्जीलिङ पहाडमा गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन भित्र भएको भनिएको भ्रष्टाचारलाई लिएर राजनीतिक तनाउ बढेको छ। विमल गुरुङ नेतृत्वमा रहेको गोर्खा जनमुक्ति मोर्चाले जीटीए प्रशासनलाई यस विषयमा ठोस कदम चाल्न ४ जून सम्मको अन्तिम समयसीमा दिएको छ।मोर्चाका महासचिव रोशन गिरी अनुसार, मंगलबार जीटीए अधिकारीहरूसँग योजनाहरूको विषयमा चर्चा भएको छ। ४ जुनमा पुनः दार्जीलिङको जीटीए मुख्यालय 'लाल कोठी' गएर समीक्षा गरिने र सन्तोषजनक जबाफ नआए आन्दोलनका थप कार्यक्रम घोषणा गरिने मोर्चा सुत्रले जनाएको छ।मोर्चाले रासन वितरण प्रणाली (PDS), शहर तथा गाउँका खानेपानी परियोजनाहरू र शिक्षक भर्ना प्रक्रियामा ठुलो अनियमितता भएको आरोप लगाएको छ l अर्कोतिर , गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन का प्रमुख कार्यापाल अनित थापाले बर्ष २०११ देखि छानबिन हुन पर्ने बताउनु भएको छ l यो मुद्दामा भाजपा ,इण्डियन गोर्खा जनशक्ति फ्रन्टले पनि जीटीए र दार्जीलिङ पहाडको नगरपालिकाहरूमा आर्थिक अनियमितता भएको बताउदै कडा कारबाहीको माग गरेका छन्।

**तेन्जिङ नोर्गे शेर्पा-जन्म जयन्ती**

आज २९ मई अर्थात् विश्वकै सर्वोच्च शिखर सगरमाथामा पहिलो पटक मानव पाइला टेकिएको ऐतिहासिक दिन र सोही कीर्तिमान रच्ने भारतका गौरव, प्रसिद्ध पर्वतारोही तेन्जिङ नोर्गे शेर्पाको जन्मजयन्ती पनि हो l२९ मई , १९१४ मा जन्मनुभएका र आफ्नो जीवनको लामो समय दार्जिलिङमा बिताउनु भएका तेन्जिङ नोर्गेले सन् १९५३मा आजकै दिन सर एडमण्ड हिलारीसँग मिलेर सगरमाथाको सफल आरोहण गरी विश्वभरि भारतको नाम उच्च राख्नुभएको थियो। उहाँको यो कीर्तिमानले भारतीय पर्वतारोहणको इतिहासलाई सदाका लागि बदलिदियो।स्मरण गराइन्छ,दार्जीलिङको 'हिमालयन माउन्टेनियरिङ इन्स्टिच्युट' (HMI) मार्फत उहाँले भारतमा पर्वतारोहणको जग बसाल्नुभएको थियो ।

**हुगली सेतु बन्द रहने**

रखरखाउ कार्यको लागि आइतवार दोस्रो हुगली सेतु अर्थात विद्यासागर सेतु आठ घण्टाको लागि बन्द रहनेछ। त्यस दिन बिहान 6 बजेदिखि अपरान्ह 2 बजेसम्म यस पुलमा सबै प्रकारको यातायातलाई पूर्ण रूपले बन्द गर्ने निर्णय लिइएको छ।बिहीवार प्रशासनिक सूत्रबाट प्राप्त जानकारी अनुसार पुलको आपतकालीन स्वास्थ्य जाँच तथा केबल वा अन्य यान्त्रिक बुनियादी ढाँचालाई मरम्मत गर्नको लागि अस्थायी प्रतिबन्ध लगाइएको हो। आठ घण्टासम्म यो पुल बन्द हुने भएकोले कोलकाता र हावड़ाबीच यात्रा गर्ने मानिसहरूलाई वैकल्पिक मार्ग प्रयोग गर्ने वा निवेदिता सेतु वा हावड़ा पुलको उपयोग गर्ने सल्लाह दिइएको छ।

**दार्जीलिंग -हक्की – निशा गुरुङ जज**

विगत लामो समयदेखि पहाडमा अन्य खेल सरह हक्कीमा पनि भविस्य छ भन्ने उदाहरण बनेकी दार्जिलिङकि छोरी निशा गुरुङ एशियन हक्की फेडेरेशनले जापानको काकामिगाहारामा आगामी 29 मईदेखि 7 जुन 2026 सम्म आयोजना हुने प्रतिष्ठित महिला अन्डर 18 एशिया कप 2026 का लागि आधिकारिक जज नियुक्त गरेको छ।गिङ धर्मशाला, गिङ टी इस्टेट, लेबोंग दार्जिलिङ निवासी उनी दार्जिलिङ मोन्टेसरी हाउस अफ चिल्ड्रेनमा शिक्षिकाको रूपमा कार्यरत रहँदै हक्कीप्रति आफ्नो समर्पणलाई निरन्तर अघि बढाइरहेकी छन्। यसको निम्ति उनी मगलबार जापान प्रस्थान गरिसकेकि छन।निशाले आफ्नो हक्की यात्रा नेपाली गर्ल्स हायर सेकेन्डरी स्कूलबाट सुरु गरेकी थिइन्।

****** ० ******